सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री अव्दुल अजीज मुसलमान

**फैसला**

०७६-CI-०००२

मुद्दाः- अशं चलन।

स्व. पूर्ण शंकर अमात्यको नाति, स्व. राजशंकर अमात्यको छोरा, ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं.१८ महापाल भई हाल ललितपुर महानगरपालिका, वडा नं. ९ बालकुमारी बस्ने वर्ष ७३ को मोहन शंकर अमात्य.......................................................................१ — पुनरावेदक वादी

विरूद्ध

स्व. पूर्ण शंकर अमात्यको नाति, स्व. राजशंकर अमात्यको छोरा ललितपुर जिल्ला, साविक ललितपुर उपमहानगरपालिका, वडा नं. १८ महापाल भई हाल ऐ.ऐ. वडा नं. ९ बालकुमारी बस्ने वर्ष ५८ को मदन शंकर अमात्य..........१ — प्रत्यर्थी प्रतिवादी

०७६-CI-००९५

स्व. पूर्ण शंकर अमात्यको नाति, स्व. राजशंकर अमात्यको छोरा ललितपुर जिल्ला, साविक ललितपुर उपमहानगरपालिका, वडा नं. १८ महापाल भई हाल ऐ.ऐ. वडा नं. ९ बालकुमारी बस्ने वर्ष ५८ को मदन शंकर अमात्य...........१ — पुनरावेदक प्रतिवादी

विरूद्ध

स्व. पूर्ण शंकर अमात्यको नाति स्व. राजशंकर अमात्यको छोरा ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. १८ महापाल भई हाल ललितपुर महानगरपालिका, वडा नं. ९ बालकुमारी बस्ने वर्ष ७३ को मोहन शंकर अमात्य.......................................................................१ — प्रत्यर्थी वादी

**शुरू तहमा फैसला गर्नेः-** माननीय जिल्ला न्यायाधीश श्री जगतनारायण प्रधान

ललितपुर जिल्ला अदालत

फैसला मितिः- २०७५।०१।१३

मुद्दा नं.:- ०७३-CP-०३२०

पुनरावेदन तहमा फैसला गर्नेः- माननीय न्यायाधीश श्री प्रभा बस्नेत

माननीय न्यायाधीश श्री नातिबाबु लामिछाने

उच्च अदालत पाटन

फैसला मितिः- २०७५।१२।१२

मुद्दा नं.:- ०७५-DP-०२७४

न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः

<u>तथ्यगत बेहोराः</u>

१. बाबु राजशंकर अमात्य र आमा बिजुली अमात्यबाट दुई छोराहरू म मोहन शंकर अमात्य र भाइ मदन शंकर अमात्य र चार छोरीहरू गरी ६ सन्तानको जन्म भएकोमा हामी सबैजनाको विवाहदान भइसकेको छ। पिता राजशंकर अमात्यको मिति २०५८।०९।२७ मा र आमा विजुली अमात्यको मिति २०२५।१०।०१ मा स्वर्गवास भइसकेको छ। हालको अवस्थामा म फिरादी १ र विपक्षी प्रतिवादी भाइ १ समेत गरी २ जना अंशियार छौं। मिति २०५८।१०।१२ मा हामी दाजुभाइ बीच चल धन हातहातै बुझी लिई मानो छुट्टिई भिन्न भई बसेका छौं। भाइ मदन शंकर अमात्यले आफ्नो खर्च अभावको कारण देखाई मिति २०६८।०६।१३ गते ललितपुर जिल्ला, इमाडोल गा.वि.स., वडा नं.५ का विभिन्न कित्ता जग्गाहरू छुटयाई लिऊँ भनेबमोजिम उक्त कित्ताहरू दुई भाइ बीच छुट्याई लिइसकेका छौं। सो बाहेक अन्य पुर्ख्यौली सम्पति घर जग्गाहरू र अरु बढे बढाएको जग्गाहरू यथावतै भई भागबण्डा भएको छैन। म फिरादी धेरै जसो आफ्नो विषयगत अध्ययन र अनुसन्धान साथै पेशागत कामको सिलसिलामा विभिन्न विदेशी मुलुकहरूमा गई राख्नुपर्ने भएकोले नेपालमा जो भएको पुर्ख्यौली सम्पत्ति विपक्षी भाइको जिम्मामा रहने गरेको छ। आआफ्नो भागको सम्पत्ति कानूनी रूपमा अलग गरौं भनी विपक्षी भाइलाई भन्दा अंश छुट्याउन नमानेको र माता पिताका नाउँमा भएको चलअचल श्री सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति विप्रक्षी भाइले कब्जा गरी बसेकोले हामी दाजुभाइ बीच मिति २०५८।१०।१२ मा नै

चल सम्पत्ति बण्डा गरी मानो छुट्टिएको हुँदा सोही मितिलाई मानो छुट्टिएको मिति कायम गरी विपक्षी प्रतिवादी समेतबाट मुलुकी ऐन, अंशबण्डाको महलको २०,२१,२२ र २३ नं. बमोजिम फाँटवारी दाखिल गराई सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई त्यसबाट १ भाग म फिरादीलाई दिलाई पाऊँ भन्नेसमेत बेहोराको फिरादपत्र।

२. वादीले मानो छुट्टिएको मिति २०६८।०६।१३ गतेलाई उद्घोष गरेपनि हालसम्म हामीहरूको बीचमा मानो छुट्टिएको छैन। बण्डा गर्नुपर्ने घरकोठा विपक्षी वादीले नै ताला थुनी विदेशतर्फ जानुभएको तथ्य यसै साथ पेश गरिएको तस्विरबाट पनि सम्पुष्टि हुन्छ। वादीले घर परिवारबाट अनेक सम्पत्ति लिई विदेश जानु भए तापनि निजले त्यसरी लगेको सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति हालसम्म हामीलाई देखाउनुभएको छैन। निजको जिम्मा कब्जामा रहेको बण्डायोग्य सम्पत्ति बण्डा गर्न नपरोस् भनी झुट्टा फिराद दाबी गरेकोले खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको प्रतिवादी मदन शंकर अमात्यको प्रतिउत्तरपत्र।

३. आदेशानुसारको वादी प्रतिवादीतर्फबाट पेस हुन आएको तायदाती फाँटवारी र छुट तायदाती फाँटवारी मिसिल सामेल रहेको छ ।

४. वादीको तायदाती फाँटवारीमा उल्लेखित कि.नं. ६७,७३ र ८१ को जग्गाको दर्ता सम्बन्धमा श्री सर्वोच्च अदालतमा मुद्दा परी विचारधिन रहेको भन्ने वादीको तायदाती फाँटवारीबाट देखिएकोले उनाउ व्यक्तिको नाउँमा रहेको र विवाद भई सर्वोच्च अदालतमा दायर भई विचाराधिन मुद्दाको बारेमा प्रतिवादीले कुनै दाबी जिकीर लिएको पनि मिसिलबाट नदेखिएको हुँदा उक्त जग्गाको सन्दर्भमा प्रस्तुत मुद्दाबाट बोली रहनुपर्ने देखिन आएन। कि.नं. १५६ र १५७ को जग्गा प्रतिवादीले निजी तवरबाट बकस पाएको देखिँदा उक्त कित्ता जग्गाहरूबाट वादीले अंश छुट्याई लिन पाउने देखिएन। अब प्रतिवादीले तायदाती फाँटवारीमा उल्लेख गरेको ऋणको हकमा साहुको नालेश परेका बखत ठहरेबमोजिम हुने र वादी प्रतिवादीले पेश गरेको तायदाती फाँटवारीमा उल्लेखित अन्य सम्पत्तिबाट वादीले प्रतिवादीबाट २ भागको १ भाग अंश छुट्याई लिन पाउने ठहर्छ भन्नेसमेत बेहोराको शुरु ललितपुर जिल्ला अदालतको मिति २०७५।०१।१३ को फैसला।

५. तपसिलमा क्र.स. १ देखि ८ मा उल्लेख गरिएको कित्ता जग्गाहरूमा विपक्षी प्रतिवादीले आफनो हकहिस्सा अंश प्राप्त गरी आफनो हकहिस्सा तेश्रो व्यक्तिलाई हक हस्तान्तरण गरिसकेको भन्ने कुरा लिखत प्रमाणले प्रमाणित गरिरहेको अवस्थामा सो लिखत प्रमाणहरूको मूल्याङ्कन गरी उल्लेखित कि.नं.का जग्गाहरूबाट विपक्षीले अंश नपाउने गरी ठहर फैसला गर्नुपर्नेमा सो नगरेको, क्र.स. ९ र १० को काठमाडौं नगरको कि.नं. १५७ र १५६ वण्डा गर्नुपर्नेमा निजी ठहराएको र क्र.सं.११ को अंशियार भन्दा बाहेकको नाममा रहेको जग्गा वण्डा गर्ने गरेको शुरु ललितपुर जिल्ला अदालतको मिति २०७५।०१।१३ को फैसलामा गम्भीर कानूनी त्रुटि रहेकोले उक्त फैसला सो हदसम्म उल्टी गरी शुरु फिराद दाबी बमोजिम गरी न्याय इन्साफ पाऊँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी मोहन शंकर अमात्यको तर्फबाट परेको पुनरावेदनपत्र।

तपसिल

| क्र.स. | जिल्ला | गा बि स | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|---|
| १. | ललितपुर | ईमाडोल | ५ | २६ | ०-३-२-० |
| २. | ललितपुर | ईमाडोल | ५ | २५२२ | ०-३-०-० |
| ३. | ललितपुर | ईमाडोल | ५ | २५२१ | ०-५-०-० |
| ४. | ललितपुर | ईमाडोल | ७क | १७४ | ११७६.२३ वर्ग मिटर |
| ५. | ललितपुर | सानागाउँ | २ | ३० | ०-८-०-० |
| ६. | ललितपुर | सानागाउँ | ८ | ७६९ | ०-७-३-० |
| ७. | ललितपुर | हरिसिद्धि | ६क | ४६५ | ०-२-०-२ |
| ८. | ललितपुर | हरिसिद्धि | ६क | ४६७ | ०-५-२-२ |
| ९. | काठमाडौं | नगर | १० | १५७ | ०-६-०-१ |
| १०. | काठमाडौं | नगर | १० | १५६ | ०-२-२-० |
| ११. | ललितपुर | ईमाडोल | ६क | ९९८ | ०-११-०-२ |

६. विपक्षी वादी २०२४ साल भन्दा अघिदेखि नै विदेशतिर जानुभएकोले २०२५ सालमा माताको परलोक भएको अवस्थामा मैले नै जो परी आएको संस्कार गरी आएको थिएँ। सो बखततिर पिता जागिरमा रहनुभएकोले घरको सम्पूर्ण जिम्मेवारी

मैले नै सम्हाली दिदीबहिनीको हेरविचार विवाह दान गरी पछि वृद्ध पितालाई स्याहार सम्भार गरी परलोक पश्चात पीण्डपानी लगायतको संस्कार समेत गरेको थिएँ। मैले कहिले ट्युसन पढाउने, विद्यालयमा पढाउने, कहिले सानातिना व्यवसाय गर्ने, ऋणकर्जाहरू लिई घरखर्च व्यवहार, दिदीबहिनीको विवाह, माता पिताको स्याहार सम्भार, संस्कार र पैतृक सम्पत्तिको संरक्षण लगाएतका खर्च टारी आएको थिएँ। यी वादीले पैतृक र सोबाट बढेबढाएको सम्पत्तिहरू विदेशमा लगी सोबाट विदेशमा नै विभिन्न सम्पत्ति जोडेको बेहोरा साँचो हो। तर यी वादीले कमाएको रकमबाट नेपालमा जग्गा खरिद गरी घर निर्माण गरेको र त्यो सम्पत्ति प्रतिवादीको कब्जामा भएको भन्ने बेहोरा पूर्णतः झुठ्ठा हो। तसर्थ मेरो प्रतिउत्तर जिकिर वमोजिम गरियोस् भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी मदन शंकर अमात्यको तर्फबाट परेको पुनरावेदनपत्र।

७. यसमा दुवै पक्षको पुनरावेदन परेको देखिँदा पुनरावेदक मोहन शंकर अमात्यको पुनरावेदनपत्र मदन शंकर अमात्यलाई र पुनरावेदक मदन शंकर अमात्यको पुनरावेदन मोहन शंकर अमात्यलाई मुलुकी ऐन, अ.वं. २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४ को प्रयोजनार्थ परस्पर सुनाई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको मिति २०७५।०९।१५ को आदेश।

८. कि.नं.९९८ क्षेत्रफल ०-११-०-२ को जग्गा पुनरावेदकहरूको नाममा रहेको नदेखिँदा सो जग्गालाई शुरुबाट बण्डा गरेको मिलेको देखिन आएन। पुनरावेदक प्रतिवादीले पूर्णकुमारी श्रेष्ठबाट कि.नं. १५६ र १५७ को जग्गा बकस प्राप्त गरेको वादी प्रतिवादी एकासगोलमा रहेको अवस्थामा बकसपत्र पाएको देखिएकोले प्रमाण ऐन, २०३१ को दफा ६ (क) बमोजिम बण्डा गर्नुपर्ने देखिएकोले सो हदसम्म शुरु ललितपुर जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने र अन्य श्री सम्पत्ति दुई भागको एक भाग वादीले अंश पाउने गरी मिति २०७५।०१।१३ मा शुरु ललितपुर जिल्ला अदालतबाट भएको फैसला मिलेको देखिएकोले सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनबाट मिति २०७५।१२।१२ मा भएको फैसला।

९. म वादी र विपक्षी प्रतिवादीको संयुक्त नाउँमा रहेका ललितपुर जिल्ला, ईमाडोल गा.वि.स., वडा नं. ५ को किं.नं.२६ र कि.नं.२१६२ को जग्गा कित्ता फारी भई कायम भएको किं.नं. २५२१ क्षे.फ. ०-५-०-०, र ललितपुर जिल्ला, सानागाउँ गा.वि.स., वडा नं. २ कि.नं. ३० क्षे.फ. ०-८-०-०, ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स., वडा नं. ६(क) को कि.नं.४६५ क्षे.फ. ०-२-०-२ जग्गा र ऐ.ऐ. कि.नं. ४६७ कि.नं. ०-५-२-२, ललितपुर जिल्ला, सानागाउँ गा.वि.स., वडा नं. ८ को कि.नं.७६९ क्षे.फ. ०-७-३-० तथा ललितपुर जिल्ला, ईमाडोल गा.वि.स., वडा नं.७(क) साविक कि.नं. ३३८ हाल साविक भई कायम कि.नं.१७४ क्षे.फ. ११७६.२३ वर्ग मिटर जग्गामा रहेको आफ्नो हकहिस्सा अंश बापतको जग्गा प्रतिवादी मदनशंकर अमात्यले अन्य व्यक्तिहरूलाई बिक्री वितरण गरिसकेका छन्। मेरो मञ्जुरी विना कसको कतातर्फ लिनेदिने एकीन नभएको अवस्थामा विपक्षीले गरेको हकहिस्सा राजिनामाको लिखत उपर ललितपुर जिल्ला अदालतमा जालसाजी मुद्दा दायर गरेको छु। प्रमाण ऐन, २०३१ को दफा ६(ख) ले दुई वा सो भन्दा बढी व्यक्तिहरूको भोग वा चलनमा रहेको सम्पत्तिमा ती व्यक्तिहरू सबैको बराबर हक छ भनी अदालतले अनुमान गर्नेछ भन्ने व्यवस्था गरेकोमा मेरो र प्रतिवादीको बराबर हक रहेका उक्त जग्गाहरूमा प्रतिवादीको हक हिस्साको जति बिक्री वितरण गरिसकेको हुँदा निजको उल्लिखित जग्गाहरूमा कुनै हक रहेको छैन। प्रतिवादीले एक पटक आफ्नो हकहिस्सा अंश पाइसकेको अवस्थामा पुनः दोहोरो अंश पाउने गरी गरिएको शुरु ललितपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेको छैन। म नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा २०४१ साल अघिदेखि नै कार्यरत रहेको भन्ने उक्त प्रतिष्ठानको पत्र तथा म इन्जिनियरिङको उपप्राध्यापक रही त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस योजनाले मिति २०४४।०८।१५ देखि लागू हुने गरी ईन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस, लामाचौर पोखरामा सरुवा गरेको पत्रसमेतले म अधिकांश समय नेपालमा नै रहेको पुष्टि हुन्छ। म घरको खर्चबाट विदेश पढ्न गएको भन्ने विपक्षीको दाबी निराधार छ। म थाइ सरकार कोलम्बो प्लान छात्रवृत्ति अन्तर्गत चुलालङकर्न विश्वविद्यालयमा अध्ययन गर्न गएको र खुला प्रतिशपर्धा अन्तर्गत फेलोशिप जितेर अष्ट्रेलियाको अष्ट्रेलियन नेशनल

युनिभर्सिटी, युनिभर्सिटी अफ न्यु साउथ वेल्स र युनिभर्सिटी अफ न्यू इङल्याण्डमा अध्ययन, अनुसन्धान गरेको हुँ। वादीले दाबी गरेझैं प्रतिवादीले पिता र दिदी बहिनीहरूको स्याहारसुसार गरेको नभई पिता र दिदीबहिनीहरू समेतको स्याहारसुसार तथा हेरविचार मैले नै गरी आएको हो। मैले विदेशबाट पठाएको रकमबाट नै विवाह हुन बाँकी दिदीहरूको विवाह भएको हो। प्रतिवादीले घर व्यवहार चलाउनका लागि नभई आफ्नो छोराछोरीको अध्ययन अध्यापनको लागि सगोलमा रहेको सम्पत्ति बिक्री गरेका हुन्। पिता राज शंकर अमात्य तत्कालीन श्री ५ को सरकारको जागिरमा रही अवकाश पश्चात पेन्सनमा रहनुभएको, आयस्ताका थुप्रै जग्गाहरू रहेको, बालकुमारी घरको भाडा लगायतको टँगलटोलको पसलसमेतबाट हुने आय तथा मैले विदेशबाट खर्च पठाउँदै आएबाट घर व्यवहार मिलाउनका लागि जग्गा बिक्री वितरण गरेको भनी प्रतिवादीले गरेको जिकिर तर्कसंगत देखिँदैन। यसरी प्रतिवादीले हाम्रो संयुक्त नाउँमा रहेका जग्गाहरूमा आफ्नो हकहिस्सा अंश प्राप्त गरी आफ्नो हकको जति तेस्रो पक्षलाई बिक्री गरिसकेको र घर व्यवहार मिलाउनका लागि उक्त जग्गाहरू बिक्री गरेको जिकिर तर्कसंगत नभएकाले प्रतिवादीले अंश नपाउने गरी ठहर फैसला गर्नुपर्नेमा सो नगरेको शुरु ललितपुर जिल्ला अदालतको मिति २०७५/०१/१३ को फैसला सदर गरेको हदसम्मको उच्च अदालत पाटनको मिति २०७५/१२/१२ को फैसलामा गम्भीर कानूनी त्रुटि रहेकोले उक्त फैसला सो हदसम्म उल्टी गरी शुरु फिराद दाबी बमोजिम गरी न्याय इन्साफ पाऊँ भन्नेसमेत बेहोराको वादी मोहनशंकर अमात्यको तर्फबाट यस अदालतमा दायर भएको पुनरावेदनपत्र।

१०. मैले काठमाडौं जिल्ला, साविक भिमसेनगोला पञ्चायत, वडा नं.५क कित्ता नं.१७७ को जग्गा पूर्ण कुमारी श्रेष्ठबाट निजलाई सेवा गरी रिझाए बापत मिति २०३६।०८।०६ मा र.नं. २६०७ को हालैदेखिको बकसपत्र मार्फत प्राप्त गरेको हुँ। उक्त जग्गा हाल नापीबाट कित्ता नं.१५६ र १५७ कायम भए पनि उक्त जग्गाहरू मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं.बमोजिम मेरो निजी आर्जनको भई अरूमा बण्डा नलाग्ने हो। मूलतः उक्त जग्गाका दाता पूर्ण कुमारी श्रेष्ठको पति परलोक भई छोराछोरी समेत कोही नभएको हुँदा म मदन शंकर अमात्य बाल्यकाल देखि नै निजको घरमै बसी साहरा दिई आएकोले सोही बेहोरा उल्लेख गरी बकसपत्र

गरिदिएका हुन्। नयाँ नापी बमोजिम नापजाँच भई कायम भएको कित्ता नं. १५६ क्षेत्रफल ०-२-२-० ( हाल जग्गाधनी प्रज्वल अमात्य) र कित्ता नं. १५७ क्षेत्रफल ०-६-०-१(हाल जग्गाधनी मदन शंकर अमात्य) मेरो आफुखुसी गर्न पाउने भएकोले नै मैले मोही छुटाउने र केही क्षेत्रफल प्रज्वल अमात्यलाई हस्तान्तरण गर्ने कार्य समेत गरेको बेहोरा यी वादीले पनि स्वीकार गरी आउनुभएकोमा प्रज्वल अमात्यलाई प्रतिवादी नै कायम नगरी निजको नामको सम्पत्ति बण्डा हुनसक्ने अवस्था रहँदैन। निजी प्रकृतिको उक्त जग्गालाई प्रमाण ऐन,२०३१ को दफा ६(क) बमोजिमको रहेको अनुमान गरी उक्त जग्गा बण्डा हुने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छैन। कित्ता नं. ६७, ७३ र ८१ लगायतका जग्गाहरूको जग्गा दर्ताको क्रममा मुद्दा परी हाल सम्मानित सर्वोच्च अदालतमा विचारधिन रहेकोमा सो विषयमा अन्तिम निर्णय भए पश्चात् मलाई प्राप्त हुने अंशहकमा यस मुद्दाबाट कुण्ठित हुने गरी कुनै शव्दावली प्रयोग गर्न मिल्ने हुँदैन। तायदाती फाँटवारीमा स्पष्ट रूपमा जिकीर लिएकोमा सो बेहोरालाई अनदेखा गरी प्रतिवादीले कुनै दाबी जिकीर नलिएको भनी उक्त जग्गाहरूका सम्बन्धमा केही नबोली भएको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण भएकाले उक्त फैसला बदर गरिपाऊँ। वादी दशकौं अघिदेखि विदेश नै बसिरहेको अवस्थामा मैले सम्पूर्ण घर व्यवहार टार्न बुझाउन, पैतृक सम्पत्तिहरूको संरक्षण समेत गर्नका निमित्त जोर गणेश बचत तथा ऋण सहकारी संस्था लि. बाट रू.३५,१४,७१२/- ऋण कर्जा लिएको थिएँ। मुलुकी ऐन, अंशवण्डाको २०, २१, २२ र २३ नं. बमोजिम तायदाती फाँटवारी पेश गर्दा ऋण धनको बेहोरासमेत उल्लेख गर्नुको उद्देश्य ऋणसमेतको प्रमाण बुझी सो ऋणसमेतलाई बण्डा गर्न हो। यस सम्बन्धमा साहुको नालिस परेको बखत प्रमाणको मूल्याङ्कन गरी हुने गरी शुरु अदालतबाट भएको सदर गरेको उच्च अदालत पाटनको फैसलामा कानूनी त्रुटि रहेकाले उच्च अदालत पाटनको फैसलाको अन्य ठहर यथावत राखी माथि उल्लेख भएका पुनरावेदन जिकीरको हदसम्म उल्टी एवम् बदर गरिपाऊँ भन्नेसमेत बेहोराको प्रतिवादी मदनशंकर अमात्यको तर्फबाट यस अदालतमा दायर भएको पुनरावेदनपत्र।

११. यसमा वादी प्रतिवादी दुबै पक्षको तर्फबाट दोहोरो पुनरावेदन परेको देखिंदा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २१३(३) को प्रयोजनार्थ दुबै पक्षलाई

पुनरावेदन परस्परमा सुनाई नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७८।०९।१४ मा भएको आदेश।

## यस अदालतको ठहर

१२. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल तथा प्रमाण मिसिल अध्ययन गरियो।

१३. पुनरावेदक वादी मोहनशंकर अमात्यको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री चण्डेश्वर श्रेष्ठ र श्री चन्द्रकान्त ज्ञवाली एवम् विद्वान् अधिवक्ताद्वय श्री बिमल ज्ञवाली र श्री रत्न अवालेले कि.नं.२६ समेतका ८ कित्ता जग्गाहरू वादी र प्रतिवादीको संयुक्त नाउँमा रहेकोमा प्रतिवादीले आफ्नो हक हिस्साको सम्पत्ति बिक्री गरिसकेका छन्। मुलुकी ऐन, अंशबण्डाको महलको १ नम्बर बमोजिम जियजियैको अंश हुनुपर्नेमा प्रतिवादीले संयुक्त नाउँमा रहेका जग्गाहरूमा आफ्नो हक हिस्सा बुझी तेस्रो पक्षलाई बिक्री गरिसकेको हुँदा उक्त जग्गाहरूमा पुनः प्रतिवादीको अंश हक रहेको मानी उक्त जग्गाहरू पुनः प्रतिवादीलाई समेत बण्डा गर्दा निजलाई दोहोरो फाइदा पुग्ने हुँदा उच्च अदालत पाटनबाट भएको फैसलामा उक्त कानूनी व्यवस्थाको त्रुटि रहेको छ। प्रमाण ऐन,२०३१ को दफा ६(ख) बमोजिम संयुक्त दर्तामा सम्म बराबर हक लाग्ने भए तापनि आफ्नो हक हिस्सा जति बुझी बाँकी रहेकोमा पनि बराबर दाबी गर्न मिल्ने होइन। प्रतिवादीलाई वादीले विदेशबाट रकम पठाउँदै आएको र प्रतिवादीले संयुक्त नामको जग्गा बिक्री गरेको देखिएको अवस्थामा समेत सोही जग्गाबाट निजले पुनः अंश पाउने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसला नमिलेकोले उक्त फैसला सो हदसम्म बदर गरी फिराद दाबीबमोजिम हुनुपर्ने भनी गर्नुभएको बहससमेत सुनियो।

१४. पुनरावेदक प्रतिवादी मदनशंकर अमात्यको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री देवी प्रसाद दाहाल र विद्वान् अधिवक्ता श्री दिपेन्द्र थापाले भिमसेनगोला पञ्चायत वडा नं.५क को कि.नं.१७७ को जग्गा मेरो पक्षले आफ्नो फुपू पूर्ण कुमारीबाट मिति २०३६।०८।०६ मा र.नं.२६०७ को हालैदेखिको बकसपत्रको लिखत मार्फत प्राप्त गरेको निजी आर्जनको आफूखुसी गर्न पाउने सम्पत्ति भएकाले उक्त जग्गा बण्डा लाग्ने होइन। उक्त कि.नं.१७७ को जग्गा कित्ताकाट भई कायम

भएका मध्ये कि.नं.१५६ को जग्गा प्रज्वल अमात्यलाई दिएको भन्ने स्रेस्ताबाट देखिएकोमा निजको हकमा रहेको सम्पत्ति बण्डा गर्दा निजलाई बुझ्दै नबुझी अंश बण्डा गर्ने गरेको उच्च अदालत पाटनको फैसला मिलेको छैन। कित्ता नं. ६७, ७३ र ८१ का जग्गाहरूमा प्रतिवादीको कुनै जिकिर नरहेकोले केही बोल्नु नपर्ने भनी उच्च अदालत पाटनबाट बोलिएकोमा उक्त जग्गाहरूको जग्गा दर्ताको क्रममा मुद्दा परी हाल सम्मानित सर्वोच्च अदालतमा विचारधिन रहेकोमा सो विषयमा अन्तिम निर्णय भए पश्चात् मलाई प्राप्त हुने अंशहकमा असर पर्ने गरी कुनै शब्दावली प्रयोग गर्न मिल्ने हुँदैन। तायदाती फाँटवारीमा स्पष्ट रूपमा जिकीर नलिएकोमा सो बेहोरालाई अनदेखा गरी प्रतिवादीले कुनै दाबी जिकीर नलिएको भनी सो जग्गाहरू सम्बन्धमा केही नबोली भएको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण भएकाले सो हदसम्म उक्त फैसला बदर गरिपाऊँ। सगोलमा भएको सम्पत्ति मात्र नभई ऋण पनि बण्डा लाग्नुपर्ने सामान्य प्रचलन हो। मेरो पक्षले घर व्यवहार चलाउनका लागि लिएको ऋण बण्डा नलाग्ने र साहुले नालेस दिएका बखत कानूनबमोजिम हुने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण भएकाले उक्त ऋणसमेत बण्डा लाग्ने गरी फैसला हुनुपर्ने भनी गर्नुभएको बहससमेत सुनियो।

१५. यसमा, बाबुआमाको मृत्युपछि मिति २०५८।१०।१२ मा नै हामी दाजुभाइबीच चल सम्पत्ति बण्डा गरी मानो छुट्टिएको हुँदा सोही मितिलाई मानो छुट्टिएको मिति कायम गरी प्रतिवादीसमेतबाट मुलुकी ऐन, अंशबण्डाको महलको २०,२१,२२ र २३ नं. बमोजिम फाँटवारी दाखिल गराई सम्पूर्ण सम्पत्तिलाई दुई भाग लगाई एक भाग अंश दिलाई पाऊँ भन्ने फिराद दाबी तथा वादीले मिति २०५८।१०।१२ लाई मानो छुट्टिएको भनी दाबी गरे तापनि हामीहरूको बीचमा मानो नछुट्टिएको, वादी सगोलको सम्पत्ति खर्च गरी विदेश गएको भए तापनि सोबाट बढे बढाएको सम्पत्ति हालसम्म हामीलाई नदेखाएको र निजको जिम्मा कब्जामा रहेको बण्डायोग्य सम्पत्ति बण्डा गर्न नपरोस् भनी झुट्ठा फिराद दाबी गरेकोले फिराद खारेज गरिपाऊँ भन्ने प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा वादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित कि.नं. ६७,७३ र ८१ को जग्गा र प्रतिवादीले पेश गरेको तायादाती फाँटवारीको कि.नं. १५६ र १५७ को जग्गा बाहेकका वादी प्रतिवादीले पेश गरेको तायदाती फाँटवारीमा उल्लेखित अन्य सम्पत्तिबाट वादीले प्रतिवादीबाट २ भागको १

भाग अंश छुट्टयाई लिन पाउने ठहऱ्याई शुरु ललितपुर जिल्ला अदालतबाट भएको फैसलामा अंशियार भन्दा बाहेकको व्यक्तिको नाममा रहेको कि.नं. ९९८ क्षेत्रफल ०-११-०-२ को जग्गा बण्डा गरेको तथा प्रतिवादीले पूर्णकुमारी श्रेष्ठबाट बकसपत्रबाट प्राप्त गरेको कि.नं.१५६ र १५७ को जग्गा बण्डा गरेको हदसम्म केही उल्टी गरी अन्यमा शुरु अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसलामा वादी प्रतिवादी दुबै पक्षले चित्त नबुझाई छुट्टाछुट्टै पुनरावेदन दायर भएको देखिन्छ।

१६. वादीले यस अदालतमा पुनरावेदन गर्दा, प्रतिवादी मदनशंकर अमात्यले वादी एवम् प्रतिवादीको संयुक्त नाउँमा रहेका जग्गाहरूमा आफ्नो हकहिस्सा जति बुझी लिई तेस्रो पक्षलाई बिक्री गरिसकेको हुँदा उक्त जग्गाहरूमा निजको कुनै हक नरहने तथा प्रतिवादीले उक्त जग्गाहरू घर व्यवहार चलाउनका लागि बिक्री गरेको भने तापनि उक्त कथन ठोस सबुद प्रमाणबाट पुष्टि नभएकोले संयुक्त नाउँमा दर्ता रहेका जग्गाहरूमा निजले अंश पाउने गरी भएको फैसला बदर गरिपाऊँ भनी र प्रतिवादीले पुनरावेदन गर्दा भिमसेनगोला पञ्चायत वडा नं.५क को कि.नं.१७७ को जग्गा आफूले फुपू पूर्ण कुमारीबाट मिति २०३६।०८।०६ मा र.नं.२६०७ को हालैदेखिको बकसपत्रको लिखत मार्फत प्राप्त गरेको निजी आर्जनको आफूखुसी गर्न पाउने सम्पत्ति भएकाले उक्त जग्गा बण्डा नलाग्ने, कि.नं.१५६ को जग्गा प्रज्वल अमात्यको नाममा रहेको भन्ने स्रेस्ताबाट देखिएकोमा निजलाई समेत बुझी फैसला गर्नुपर्नेमा निज प्रज्वल अमात्यलाई नबुझेको र तायदाती फाँटवारीमा स्पष्ट रूपमा जिकीर लिएकोमा सो बेहोरालाई अनदेखा गरी प्रतिवादीले कुनै दाबी जिकीर नलिएको भनी सो जग्गाहरू सम्बन्धमा केही नबोली भएको उच्च अदालत पाटनबाट भएको फैसला नमिलेकोले बदर हुनुपर्ने भन्ने मुख्य जिकिर लिएको देखिन्छ।

१७. उपर्युक्तानुसारको तथ्य, पुनरावेदन जिकिर तथा वादी तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू तथा विद्वान् अधिवक्ताहरूको बहस बुँदा रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूमा केन्द्रीत रही न्याय निरूपण गर्नुपर्ने देखिन आयो:

१) वादी प्रतिवादीको संयुक्त नाउँमा रहेका जग्गाहरूबाट प्रतिवादीले आफ्नो हकहिस्सा जति छुट्याई बिक्री गरेको तर अद्यपि संयुक्त नाममा नै रहेको अवस्थामा त्यस्तो जग्गा प्रतिवादीलाई बण्डा गर्नुपर्ने हो वा होइन?

२) वादी प्रतिवादी एकासगोलमा रहेको अवस्थामा प्रतिवादीले हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त गरेको जग्गामा वादीको हक लाग्न सक्ने हो वा होइन?

३) तायदाती फाँटवारीमा उल्लेख गरिएको तेस्रो पक्षसँग मुद्दा परी विचाराधिन मुद्दामा रहेका सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट बण्डा गर्न मिल्ने हो वा होइन?

४) उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?

१८. अब पहिलो अर्थात् वादी प्रतिवादीको संयुक्त नाउँमा रहेका जग्गाहरूबाट प्रतिवादीले आफ्नो हकहिस्सा जति बुझी बिक्री गरेको तर अद्यपि संयुक्त नाममा नै रहेको जग्गाबाट प्रतिवादीलाई बण्डा गर्नुपर्ने हो वा होइन? भन्ने प्रश्नतर्फ विचार गर्दा, वादी मोहनशंकर अमात्य र प्रतिवादी मदनशंकर अमात्य राजशंकर र बिजुली अमात्यबाट जन्मिएका दुई छोराहरू भई समान हैसियतका अंशियार रहेकोमा कुनै विवाद देखिँदैन। यी वादी प्रतिवादीको अन्य दिदीबहिनीहरू भए तापनि निजहरूको विवाह भइसकेको र यी वादी र प्रतिवादी बाहेक अन्य अंशियार नरहेको तथ्यमा पनि विवाद देखिँदैन। वादी प्रतिवादीबीच फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेतर्फ दुबै पक्षले स्वीकार नै गरेको अवस्था छ। तथापि, निजहरू एकासगोलमा नै रहेको अवस्थामा निजहरूका नाममा संयुक्त नाममा रहेको सम्पत्ति मध्ये ललितपुर जिल्ला, इमाडोल गा.वि.स., वडा नं.५ को कि.नं.२६ को ०-३-२-० जग्गा पूरा र ऐ. कि.नं.२१६२ को ०-९-३-२ मध्येको पूर्वउत्तरतर्फ हाल कायम कि.नं.२५२२ को क्षेत्रफल ०-३-०-० जग्गा वादी मोहनशंकर अमात्यको नाउँमा र उक्त कि.नं.२१६२को बाँकी मध्ये पश्चिमउत्तरतर्फ हाल कायम कि.नं.२५२१ क्षेत्रफल ०-५-०-० तथा दक्षिणतर्फ ०-०-३-२ जग्गा प्रतिवादी मदनशंकर अमात्यको नाउँमा कायम रहने गरी मिति २०६८।०६।१३ मा र.नं.२७३(ग) को

दर्ताफारीको लिखत पारित भएको र ललितपुरजिल्ला, इमाडोल गा.वि.स., वडा नं.७ क कि.नं.१७४ लगायतका केही कित्ता जग्गा प्रतिवादी मदनशंकरले संयुक्त नामबाट आफ्नो हिस्सा विभिन्न व्यक्तिहरूलाई बेचबिखन गरेको देखिन्छ।

१९. मदनशंकर अमात्यले वादी र प्रतिवादीको संयुक्त नाउँमा रहेको जग्गाहरू मध्येबाट केहीमा आफ्नो भाग लिएको र केहीमा आफ्नो हिस्सा जति तेस्रो पक्षलाई बिक्रीसमेत गरिसकेकोले संयुक्त नाउँमा रहेका जग्गाहरूमा प्रतिवादीको हक नरहने भएकाले सोबाट समेत प्रतिवादीले बण्डा पाउने गरी उच्च अदालतबाट भएको फैसला मिलेको छैन भन्ने जिकिर लिएको देखिन्छ भने पुनरावेदक प्रतिवादीले प्रमाण ऐन,२०३१ को दफा ६ को खण्ड (क) अनुसार एकासगोलका अंशियारको जोसुकैको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी र ऐ.(ख) मा दुई वा सो भन्दा बढी व्यक्तिहरूको अंश वा चलनमा रहेको सम्पत्तिमा ती सबै व्यक्तिको बराबर हक छ भनी अदालतले अनुमान गर्नुपर्ने कानूनी व्यवस्था अनुसार नै दुबैजनाको संयुक्त नाममा रहेको सम्पत्ति वादी प्रतिवादी दुबैले बराबर पाउनुपर्ने भनी जिकिर लिएको अवस्था छ।

२०. पुनरावेदक वादीलें दाबी लिएका ललितपुर जिल्ला, इमाडोल गा.वि.स., वडा नं.७क को कि.नं.१७४ समेतका विभिन्न कित्ता जग्गाहरूको स्रेस्ता हेर्दा, ललितपुर जिल्ला, इमाडोल गा.वि.स., वडा नं.७क को कि.नं.३३८ को हाल कायम भएको कि.नं.१७४ को २-५-०-० जग्गा प्रतिवादी मदनशंकर अमात्यले अष्टमान व्यञ्जनकारलाई मिति २०७१।०२।१२ मा र.नं.५०३६(ग) को हकहिस्सा राजिनामा लिखतबाट बिक्री गरेको मिसिल संलग्न राजिनामा लिखतको प्रतिलिपिबाट देखिन्छ। सोही बमोजिम दर्ताफारीको लिखतबाट प्रतिवादी मदनशंकर अमात्यको हकमा रहेको कि.नं.२५२१ कित्ताकाट भई हाल कायम २५२८ को जग्गा निज प्रतिवादी मदनशंकर अमात्यले सुरेश महर्जनलाई मिति २०६८।०९।२२ मा र.नं.२१७५(ग) को तथा सोही कि.नं.२५२१ बाट कित्ताकाट भई कायम भएको कि.नं.२५२९ को ०-२-२-० जग्गा निज प्रतिवादीले प्रतिमा शर्मा कोइरालालाई मिति २०६८।११।१४ मा र.नं.२८१५(ग) को राजिनामा लिखतबाट बिक्री गरिसकेको मिसिल संलग्न राजिनामा लिखतको प्रतिलिपिबाट देखिन्छ। यसैगरी प्रतिवादी मदनशंकर अमात्यले वादी मोहनशंकर अमात्य र प्रतिवादी मदनशंकर

अमात्यको संयुक्त नाममा रहेको ललितपुर जिल्ला, सानागाउँ गा.वि.स., वडा नं.८ को कि.नं.७६९ को ०-७-३-० जग्गा मिति २०७१।०६।०३ मा काजीबहादुर महर्जनलाई, ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स., वडा नं.६(क) को कि.नं.४६५ को ०-२-०-२ तथा कि.नं.४६७ को ०-५-२-२ को जग्गा मिति २०७१।०६।१२ मा मंगल महर्जनलाई तथा ललितपुर जिल्ला, सानागाउँ गा.वि.स., वडा नं.२ को कि.नं.३० को ०-८-०-० जग्गा मिति २०७२।०६।१९ मा जमुना महर्जनलाई वादी मोहनशंकर अमात्यको हकहिस्सामा कुनै असर नपर्ने गरी आफ्नो हक हिस्सा जतिको आधा भाग राजिनामा गरिदिएको मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखिन्छ।

२१. अब यसरी प्रतिवादी मदनशंकर अमात्यले वादी मोहनशंकरसँग सगोलमा रहेका कित्ताबाट आफ्नो हिस्सा छुट्याई तेस्रो पक्षलाई बिक्री गरिसकेपछि बाँकी कित्तामा निज प्रतिवादीको हक रहने हो वा होइन? भन्ने सम्बन्धमा साविक मुलुकी ऐन, अंशबण्डाको महलको १ नं. मा "*अंशबण्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधिनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नुपर्छ*" भन्ने र ऐ.२ नं.मा "***यस महलमा अन्यथा लेखिएमा बाहेक यसै महलको १ नम्बर बमोजिम अंशबण्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ***" भन्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम अंशबण्डा गर्दा सबै अंशियारहरूबीच नरमगरम मिलाई बराबर अंश गर्नुपर्ने देखिन आउँछ। कानूनमा नै अन्यथा व्यवस्था भएकोमा बाहेक अंशबण्डा गर्दा घटीबढी गरी अंश लिनुदिनु गर्नु हुँदैन भन्ने नै उक्त कानूनी व्यवस्थाको आशय देखिन्छ। **वस्तुतः अंश भनेको अंशियार भएको नाताले स्वतः प्राप्त हुने सम्पत्ति भएकाले सबै अंशियारलाई बराबर अंश गर्नुपर्ने हुन्छ। तर अंशबण्डाको महलको २ नं.मा प्रयुक्त "बराबर अंश गर्नुपर्छ" भन्ने शब्दावलीको अर्थ केवल प्राविधिक रूपमा बराबर अंश गर्ने भन्ने मात्र नभई सगोलका सम्पत्तिमा सबै अंशियारले न्यायोचित हिस्सा पाउनुपर्ने भन्ने देखिन्छ।** अंशबण्डा गर्दा मासको दाना फोडेर, तिलको दाना घोटेर नरमगरम मिलाउनुपर्ने भन्ने लोकोक्तिले पनि सबै अंशियारले यथार्थमा बराबर हिस्सा पाउनुपर्नेमा जोड दिएको पाइन्छ। अंशबण्डा गर्दा प्राविधिक रूपमा "**बराबर**" हुने तर परिणाममा कुनै

अंशियारलाई बढी र कुनै अंशियारलाई कम हुन गएमा त्यस्तो अवस्थालाई न्यायोचित र कानूनबमोजिमको बण्डा भनी मान्न मिल्दैन।

२२. उच्च अदालतले प्रमाण ऐन,२०३१ को दफा ६(क) अनुसार एकासगोलमा रहेका अंशियारहरू मध्ये जुनसुकै अंशियारको नाममा भएको सम्पत्ति सगोलका मानिने भनी केही कित्ता वादी मोहनशंकरको नाउँमा र केही कित्ता वादी प्रतिवादीका संयुक्त नाममा राखेको जग्गा वादी प्रतिवादीलाई बण्डा लगाएको देखिन्छ। तर यसरी बण्डा लगाएका कित्ताहरू मध्ये कि.नं.२५२१ समेतका कित्ता साविकमा वादी प्रतिवादीका संयुक्त नाममा रहेकोमा कि.नं.२१६२ बाट प्रतिवादी मदनशंकरले दर्ता फारी लिखत मार्फत कित्ताफोड गरी लगेको र कि.नं.२६, २५२२, २५२१, ३०, ४६५, ४६७, ७६९ र ३३८ (हाल साविक कि.नं.१७४) समेतका कित्ता प्रतिवादीले आफ्नो हिस्सा जति राजिनामा पारित गरी लिएको देखिँदा संयुक्त कित्ताबाट प्रतिवादीले आफ्नो हक हिस्सा जति छुट्याई लगेको देखिन आउँछ। वादी प्रतिवादी सगोलमा रहेका र निजहरूको संयुक्त नाममा रहेको कित्ताबाट प्रतिवादीले सोही बखत आफ्नो हिस्सा छुट्याई बिक्री गरी सकेपछि बाँकी रहेका कित्तामा समेत सगोलमा रहेको सम्पत्ति जोसकै अंशियारको नाउँमा रहेपनि सबैको बराबर अंश हक लाग्ने भनी वादी प्रतिवादीको बराबर अंश हक रहने भन्नु न्यायोचित हुँदैन। प्रतिवादीले सगोलमा रहेका उल्लिखित कित्ताबाट आफ्नो हिस्सा बिक्री गर्नुको परिणाम आफ्नो अंश भाग बिक्री गरेको भन्ने नै हुन आउँछ। प्रतिवादीले विभिन्न व्यक्तिहरूलाई पारित गरिदिएको राजिनामाको लिखतमा नै "...मोहनशंकर अमात्यको हक हिस्सामा कुनै असर नपर्ने गरी..." भन्ने बेहोरा उल्लेख भएको देखिँदा निजले आफ्नो हक हिस्सा बिक्री गरिसकेको भन्ने स्थापित हुन आउँछ।

२३. प्रमाण ऐन,२०३१ को दफा ६ को खण्ड (क) र (ख) बमोजिम वादी प्रतिवादीको बराबर हक हुने भनेको प्रतिवादीले आफ्नो हिस्सा छुट्याई नलगेको वा आफ्नो हिस्सा बिक्री नगरेको अवस्थामा मात्र हो। निजले आफ्नो हिस्सा छुट्याई लगिसकेको अवस्थामा सो हदसम्म उक्त कित्तामा दाबी गर्न मिल्ने देखिएन। पूर्व पठित प्रमाण ऐन,२०३१ को दफा ६को खण्ड (क) को सगोलको सम्पत्ति हो भनी अनुमान गर्नुपर्ने व्यवस्था वा ऐ. खण्ड (ख) को बराबर हक छ भनी अनुमान गर्नुपर्ने व्यवस्था

"**अन्यथा प्रमाणित नभएसम्म**" मात्र हो तर प्रस्तुत मुद्दामा प्रतिवादी मदनशंकर अमात्यले वादी प्रतिवादी सगोलमा नै रहेको अवस्थामा आफ्नो हिस्सा जति छुट्याई लगेको अवस्था देखिँदा सो अवस्थालाई अन्यथा प्रमाणित भएको अवस्था भनी मान्नुपर्ने देखिन आयो। यस स्थितिमा आफ्नो हिस्सा छुट्याई लगेको जति कित्ताबाट प्रतिवादीले पुनः अंश प्राप्त गर्ने अवस्था देखिएन। उक्त कित्ता प्रतिवादी मदनशंकर अमात्यले आफूले घरव्यवहार चलाउन बिक्री गरेको भन्ने दाबी लिएको देखिए तापनि बुबाआमाको मृत्यु पहिले नै भइसकेको, २०६८ सालमा नै केही कित्ता जग्गा कित्ता फोड गरी लिइसकेको र घर व्यवहार चलाउन सो परिणामको कित्ता बिक्री गर्नुपर्ने सम्मको कुनै व्यवहार प्रमाण देखाउन नसकेको एवम् परिवारको अन्य आयस्रोतसमेत देखिएको अवस्थामा निजले आधासम्म आफ्नो हिस्सा ठानी आफ्नो हिस्सा जति बिक्री गरिसकेपछि पुनः बाँकी आधा हिस्सामा समेत आफ्नो हिस्सा पूर्ववत बाँकी रहन्छ भन्नु न्यायोचित, तर्कसंगत र कानूनसम्मत समेत हुने देखिएन।

२४. जहाँसम्म वादीले शुरु फिराद तथा तायदातीमा वादी प्रतिवादीको संयुक्त नाममा रहेको जग्गा सबै बण्डा गर्नुपर्ने भनी उल्लेख गरेको सन्दर्भ छ, वादीको साथमा रहेको साविकको दुबैजनाको संयुक्त नाम रहेको जग्गाधनी प्रमाणपूर्जा देखिएको र निज दशकौंदेखि विदेशमा बसी घर व्यवहारको यथार्थ जानकारी पाउन सक्ने अवस्थामा नरहेको भन्ने मिसिलबाट देखिएको अवस्थामा संयुक्त नाममा रहेको उल्लिखित कित्ता मध्ये प्रतिवादीले आफ्नो हिसुसा छुट्याई लगेको जानकारी निजले पाउन नसक्ने स्वभाविक हुन्छ। यथार्थ तथ्यको अभावमा वादीले तायदातीमा उल्लेख गरेको भनेकै आधारमा प्रतिवादीले हिस्सा छुट्याई कित्ताबाट समेत दोहोरो पर्ने गरी निजलाई पुनः बण्डा लगाउनु अंशबण्डाको स्वीकार्य मान्यता अनुरूप हुने देखिएन। त्यसकारण उल्लिखित कित्ताहरूबाट समेत प्रतिवादीलाई पुनः बण्डा लगाई दिने ठहराएको हदसम्म उच्च अदालत पाटनको फैसला मिलेको नदेखिँदा सो कित्ताहरूका हकमा वादीको एकलौटी हुन्छ।

२५. अब, दोस्रो अर्थात् वादी प्रतिवादी एकासगोलमा रहेको अवस्थामा प्रतिवादीले हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त गरेको जग्गामा वादीको हक लाग्न सक्ने हो वा होइन? भन्ने प्रश्नतर्फ विचार गर्दा, काठमाडौं जिल्ला, भिमसेनगोला गा.वि.स.,

वडा नं.५क को कि.नं.१७७ क्षेत्रफल ४-११-३ को जग्गा पुनरावेदक प्रतिवादी मदन शंकर अमात्यले पूर्णकुमारी श्रेष्ठबाट मिति २०३६।०८।०६ मा र.नं.२६०७को हालैदेखिको बकसपत्रबाट प्राप्त गरेको देखिन्छ। साविक मुलुकी ऐनको अंशबण्डाको महलको १८ नं. मा *"...सो बाहेक कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ। बण्डा गर्न कर लाग्दैन।..."* भन्ने कानूनी व्यवस्था रहेको देखिँदा उल्लिखित बकसपत्रबमोजिमको सम्पत्ति निजले यथार्थमा निजी तवरले बकस पाएको हो वा होइन भनी एकीन गर्नुपर्ने हुन्छ।

२६. सो सम्बन्धमा उल्लिखित मिति २०३६।०८।०६ को र.नं.२६०७ को हालैदेखिको बकसपत्रको लिखतमा *"तिमी भदाहाले मेरो परेको काममा हेरविचार टहल सबै समेत गरी रिझाए वापत घरवाससमेत हालैको बकसपत्र गरिदिएँ। जग्गा दर्ता गरी भोगचलन गर्नू* भन्ने बेहोरा उल्लेख भएको देखिएबाट प्रतिवादी मदनशंकर अमात्यले फुपू नाताकी दाता पूर्णकुमारी अमात्यलाई हेरचाह सेवाटहल गरेवापत निजले प्रतिवादी मदनशंकर अमात्यलाई उल्लिखित कित्ता घर जग्गा हालैदेखिको बकसपत्र पारित गरिदिएको भन्ने देखिन आउँछ। वस्तुतः लिखतमा बकसपत्र उल्लेख गरेकै आधारमा वा सेवाटहल वा रिझ भनी वापत उल्लेख गरेकै आधारमा मात्र त्यस्तो व्यवहार बकसपत्र भइहाल्ने भन्नु उचित हुँदैन। कतिपय अवस्थामा रकम भुक्तानी गरी खरिद गरेको व्यवहारलाई समेत बकसपत्र नामाकरण गर्ने गरेको नभेटिने होइन। तथापि, प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, दाता यी वादी प्रतिवादीका फुपू नाताकी देखिन्छिन्। उनाउ वा अपरिचित व्यक्तिले बकसपत्र गरिदिएको अवस्था छैन। बकसपत्र गरिदिएको सम्पत्ति निजले आफूखुस गर्न पाउने स्त्री अंश धनको देखिएको, बकसपत्र गरिदिँदा निज पूर्ण कुमारीको उमेर ६८ वर्षको भएको तथा पाउने प्रतिवादी मदनकुमार अमात्यको उमेर २२ वर्षको भई वृद्धावस्थामा सेवाटहल गर्ने व्यक्तिको आवश्यकता देखिएको समेतका परिस्थिति एवम् वादी मोहनशंकर अमात्य दशकौंदेखि विदेशमा रहे बसेको सन्दर्भ समेतलाई विचार गर्दा लिखत बेहोरा विपरित उक्त जग्गा निज प्रतिवादीले रकम तिरी खरिद गरी लिएको हो भनी अनुमान गर्न मिल्ने अवस्था

देखिएन। उक्त कित्ता रकम तिरी खरिद गरिएको हो भनी दाबी लिने वादीले प्रमाणबाट सो दाबी पुष्टि गर्न सकेकोसमेत नदेखिँदा सो जग्गा प्रतिवादीले निजी तवरले बकस पाएको भन्ने पुष्टि हुन आयो।

२७. यसै सन्दर्भमा *गोपालबहादुर थापा विरुद्ध समिना थापासमेत*[1] भएको मुद्दामा "**कसैले कसैको सेवा, सुश्रुसा, पालनपोषण, दुःख समस्यामा पर्दा सहयोग गरेकोमा रिझबापत दाताले खुसीले आफ्नो हक पुग्ने सम्पत्ति त्यस्तो सेवा सुश्रुसा, पालनपोषण, सहयोग गर्ने व्यक्तिलाई निःशुल्क दिएको बकस वास्तविक अर्थमा बकस मानिने। यसरी पाएको बकस नै पाउनेको निजी ठहरी आफूखुसी गर्न पाउने भन्ने अंशबन्डाको महलको भावना र मर्म हुने**" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. तथा प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रतिवादी मदनशंकर अमात्यले पूर्ण कुमारी श्रेष्ठबाट मिति २०३६।०८।०६ मा र.नं.२६०७ को बकसपत्रको लिखतबाट प्राप्त गरेको साविक कि.नं.१७७ हाल कायम भएको कि.नं.१५६ र १५७ को जग्गा प्रतिवादी मदनशंकर अमात्यको निजी आर्जनको भई बण्डा लाग्न नसक्नेमा सो कित्ता घरजग्गासमेत बण्डा लगाइदिने ठहर गरेको उच्च अदालत पाटनको फैसला सो हदसम्म मिलेको देखिएन।

२८. तेस्रो अर्थात् तायदाती फाँटवारीमा उल्लेख गरिएको तेस्रो पक्षसँग मुद्दा परी विचाराधिन मुद्दामा रहेका सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट बण्डा गर्न मिल्ने हो वा होइन? भन्ने प्रश्नतर्फ विचार गर्दा, वादी मोहनशंकर अमात्यले शुरु ललितपुर जिल्ला अदालतमा तायदाती फाँटवारी पेस गर्दा ललितपुर ज़िल्ला, भैंसेपाटी गा.वि.स., वडा नं.२(ख) को कि.नं.६७, ७३ र ८१ का जग्गाहरू समेत बण्डा लाग्ने भनी दाबी लिएको देखिन्छ। उक्त कित्ता जग्गा उनाउ व्यक्तिहरूको नाउँमा दर्ता भएकाले आफ्ना नाउँमा हुनुपर्ने भनी ललितपुर जिल्ला अदालतमा दर्ता बदर मुद्दा दायर गरेकोमा ललितपुर जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको फैसला उच्च अदालत पाटनबाट समेत सदर भई यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी दायर गरेको निवेदन विचाराधिन रहेको भन्ने बेहोरा निजको तायदाती फाँटवारीबाट खुल्न आउँछ। प्रतिवादी मदनशंकर अमात्यले उक्त जग्गाहरूको

[1] गोपालबहादुर थापा विरुद्ध समिना थापासमेत, ने.का.प. २०७६, भाग ६१, अंक ३, नि.नं.१०२१७, मुद्दाः अंश

सम्बन्धमा कुनै जिकिर लिएको पनि देखिँदैन। वस्तुतः उल्लिखित कित्ताको हक स्वामित्वको विषय नै विवाद परी तहतह मुद्दा चली यस अदालतमा विचाराधिन रहेको छ भने उक्त कित्ता जग्गाका सम्बन्धमा प्रस्तुत मुद्दाको रोहबाट बोल्नुपर्ने आवश्यकता देखिँदैन। त्यसकारण उल्लिखित कित्ताहरूका सम्बन्धमा यस अदालतमा विचाराधिन दर्ता बदर मुद्दाको रोहबाट निराकरण हुने नै देखिएकाले प्रस्तुत मुद्दाको रोहबाट बोलीरहन नपर्ने भएकाले तदनुरूप भएको शुरु ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला सो हदसम्म अन्यथा गर्नुपर्ने देखिएन।

२९. अब, उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा, वादी मोहनशंकर अमात्य र प्रतिवादी मदनशंकर अमात्य सगोलका दुई दाजुभाइ देखिँदा निजहरूले सगोलको पैतृक सम्पत्तिबाट बराबर अंश पाउनुपर्ने देखियो। निजहरूको संयुक्त नाममा रहेका जग्गाहरू मध्ये प्रतिवादी मदनशंकर अमात्यले विभिन्न मितिमा विभिन्न कित्ताका जग्गाहरूको आफ्नो जति आधा हिस्सा विभिन्न व्यक्तिहरूलाई बिक्री गरेको देखिएकाले उल्लिखित कित्ताका हदसम्म निजले आफ्नो हक हिस्सा पाइसकेको भनी मान्नुपर्ने भएकाले ती कित्ताहरूबाट बाँकी भागमा निजले आधा हिस्सा पाउने भनेमा परिणामतः प्रतिवादीले आधा भन्दा बढी र वादीले आधा भन्दा कम अंश पाउने हुन जाने भएकाले सो कित्ताहरूबाट प्रतिवादीले बण्डा पाउने अवस्था नदेखिएकोमा उल्लिखित कित्ताहरू र प्रतिवादी मदनशंकर अमात्यले पूर्णकुमारी श्रेष्ठबाट हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त गरेको साविक कि.नं.१७७ को हालको कि.नं.१५६ र १५७ को घरजग्गा प्रतिवादीको निजी आर्जनको देखिँदा उक्त जग्गा वादीलाई बण्डा गर्नुपर्ने नदेखिएकोमा उल्लिखित सबै कित्ता जग्गा वादी प्रतिवादीलाई आधाआधा बण्डा गर्ने ठहराएको हदसम्म उच्च अदालत पाटनबाट भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म बदर हुनुपर्ने देखिन्छ।

३०. सो बाहेक कि.नं.६७, ७३ र ८१ का जग्गाहरू उपर सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रही सोही मुद्दाको रोहबाट विवाद निरूपण हुने देखिएकाले सोततर्फ केही बोली रहनुनपर्ने भनी तथा प्रतिवादी मदनशंकर अमात्यले घरव्यवहार चलाउनका लागि ऋणसमेत लिएकाले उक्त ऋणसमेत बण्डा लाग्नुपर्ने जिकिर गरे तापनि सो

ऋणका सम्बन्धमा साहुले नालेस दिएका बखत सोही बमोजिम हुने भएकाले प्रस्तुत मुद्दाको रोहबाट ऋण बण्डा गर्न नपर्ने गरी तथा कि.नं.९९८ को जग्गा यी वादी प्रतिवादीको नाममा नभई उनाउ व्यक्ति सानुमाया अमात्यको नाममा रहेकाले बण्डा नलाग्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मनासिव देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

३१. तसर्थ, माथि विवेचित आधार, कारण, कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादीले निजी तवरले बकस पाएको कि.नं.१५६ र १५७ का जग्गा बाहेकका सबै कित्ता जग्गाबाट वादीले प्रतिवादीबाट दुई भागको एक भाग अंश छुट्याई लिन पाउने ठहराएको शुरु ललितपुर जिल्ला अदालतको मिति २०७५।०१।१३को फैसला केही उल्टी गरी वादी प्रतिवादीको नाउँमा नरहेको कि.नं.९९८ बाहेकका अन्य सबै कित्ता बण्डा लाग्ने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।१२।१२को फैसला माथि प्रकरणमा विवेचना गरिएको हदसम्म नमिलेकोले केही उल्टी भई कि.नं.१५६ र १५७ प्रतिवादीको निजी आर्जनका भई वादीलाई बण्डा नलाग्ने, कि.नं. २६, २५२२, २५२१, १७४, ३०, ७६९, ४६५, र ४६७ समेतका कित्ताबाट प्रतिवादीले आफ्नो हिस्सा छुट्याई लगेकाले सो कित्ताहरू वादीको एकलौटी कायम हुने र सो बाहेक अरूमा उच्च अदालत पाटनको फैसला सदर हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

१) माथि ठहर खण्डमा लेखिएबमोजिम वादी र प्रतिवादीको संयुक्त नाउँमा रहेका देहायका कित्ता जग्गाहरूबाट प्रतिवादी मदनशंकर अमात्यलाई बण्डा नलाग्ने ठहरेको हुँदा प्रतिवादीसमेतका नाउँमा बण्डा लाग्ने गरी शुरु जिल्ला अदालतका तपसिल खण्डमा राखिएको लगत संशोधन गरी वादीको नाउँमा एकलौटी कायम गर्नू भनी भूमी सुधार कार्यालय तथा मालपोत कार्यालय, ललितपुरलाई लेखी पठाउनू भनी शुरु ललितपुर जिल्ला अदालतमा लेखी पठाउनू।

देहाय

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | ललितपुर | इमाडोल | ५ | २६ | ०-३-२-० |
| २. | ललितपुर | इमाडोल | ५ | २५२२ | ०-३-०-० |
| ३. | ललितपुर | इमाडोल | ५ | २५२१ | ०-५-०-० |
| ४. | ललितपुर | इमाडोल | ७क | १७४ | ११७६.२३ व.मि. |
| ५. | ललितपुर | सानागाउँ | २ | ३० | ०-८-०-० |
| ६. | ललितपुर | सानागाउँ | ८ | ७६९ | ०-७-३-० |
| ७. | ललितपुर | हरिसिद्धि | ६क | ४६५ | ०-२-०-२ |
| ८. | ललितपुर | हरिसिद्धि | ६क | ४६७ | ०-५-२-२ |

२) माथि ठहर खण्डमा लेखिएबमोजिम काठमाडौं जिल्ला, साविक भिमसेनगोला पञ्चायत, वडा नं.५क कित्ता नं.१७७ को हाल कायम कि.नं.१५६ र १५७ का जग्गा प्रतिवादी मदनशंकर अमात्यले हालैदेखिको बकसपत्रबाट प्राप्त गरेको निजी आर्जनको भई उक्त कित्ता जग्गाहरू वादी मोहनशंकर अमात्यलाई बण्डा नलाग्नेमा उक्त कित्ताबाट वादीले समेत बण्डा पाउने गरी उच्च अदालत पाटनको फैसलाको तपसिल खण्डमा राखेको लगत संशोधन गरी प्रतिवादीको नाउँमा एकलौटी कायम गर्नू भनी भूमी सुधार तथा मालपोत कार्यालय, ललितपुरलाई लेखी पठाउनू।

३) वादीले प्रतिवादीबाट भराई पाउने ठहरेको रू.७६,०२०।– को १५% ले हुने कोर्ट फि रू.११,४०३।– प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा

ध.र.नं.११८८१० मिति २०७६।०५।०८ मा धरौटी राखेको देखिंदा उक्त कोर्ट फि भराई पाऊँ भनी वादीले निवेदन दिए वादीलाई भराई दिनू भनी यस अदालतको आर्थिक प्रशासनमा लेखी पठाउनू।

४) प्रस्तुत फैसलाको नक्कल पाऊँ भनी सरोकारवालाले माग गरे लाग्ने दस्तुर लिई नक्कल दिनू।

५) यो फैसलाको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी फैसलाको पिठमा जनाउनू।

६) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(अब्दुल अजीज मुसलमान)
न्यायाधीश

इजलास अधिकृत:- कृष्णशोभा सुवाल
कम्प्युटर टाइप गर्ने:- कृष्ण गिरी
**इति संवत् २०८१ मंसिर ५ गते रोज ४ शुभम् ...........................................।**